आज मिति २०७६ साल कार्तिक २४ गते दिनको [illegible]:०० बजे मनहरी गाउँकार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री एकराज उप्रेतीज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा बसी निम्नानुसार निर्णय गरियो ।

<u>उपस्थिति</u>

| | | | |
|---|---|---|---|
| श्री एकराज उप्रेती | गांउपालिका अध्यक्ष | अध्यक्ष | |
| श्री मनिला विष्ट | गाउँपालिका उपाध्यक्ष | उपाध्यक्ष | |
| श्री आनन्द घलान | २ नं. वडा अध्यक्ष | सदस्य | |
| श्री गोपिलाल मोक्तान | ६ नं. वडा अध्यक्ष | सदस्य | |
| श्री ठाकुरराम तितुङ्ग | ७ नं. वडा अध्यक्ष | सदस्य | |
| श्री दिलबहादुर स्याङ्तान | ८ नं. वडा अध्यक्ष | सदस्य | |
| श्री ध्रुव खड्का | ४ नं. वडा अध्यक्ष | सदस्य | |
| श्री मान बहादुर स्याङ्तान | ३ नं. वडा अध्यक्ष | सदस्य | |
| श्री साधुराम अधिकारी | ९ नं. वडा अध्यक्ष | सदस्य | |
| श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | सदस्य | |
| श्री शुभराज थिङ्ग | ५ नं. वडा अध्यक्ष | सदस्य | |
| श्री कृष्ण विडारी | महिला सदस्य | सदस्य | |
| श्री पम्फा रोका | महिला सदस्य | सदस्य | |
| श्री राधा देवि खकुराल पाठक | महिला सदस्य | सदस्य | |
| श्री राममाया प्रजा चेपाङ | महिला सदस्य | सदस्य | |
| श्री गीता कुमारी प्रजा | दलित वा अल्पसंख्यक सदस्य | सदस्य | |
| श्री देवराज चौलागांई | प्रमुख प्रशासकीय अधिकृत | सचिव | |

<u>आमन्त्रित/बैठक सहयोगी</u>

निर्णय नं.१

कार्यालयद्धारा मिति २०७६/०६/०६ को नागरीक राष्ट्रीय दैनिक पत्रिकामा प्रकाशित ठेक्का नं १/०७६/०७७ (राजस्व) को सुचना र सोही मितिमा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेब साइट https://ppmo.gov.np/egp मा समेत सुचना upload गरि ढुङ्गा,गिट्टी,बालुवा,रोडा आदि नदिजन्य पदार्थको बिक्रि शुल्कको ठेक्का सम्बन्धि बोलपत्रमा समावेश हुन आव्हान गरिएकोमा सो दुबै सुचनाको आधारमा तपशिलका तिनवटा फर्महरुले आ-आफ्नो प्रस्ताव दर्ता गराएको देखिएको

तपशील:

e-Submission तर्फ:

१.Sudipa trading company pvt.Ltd.

कार्यालय तर्फ दर्ता भएका:

१.Heroes construction,bharatpur 12,Chitwan

२.C.B. construction,pvt,Ltd,Banepa 6 kavre

दर्ता भएका सबै बोलपत्रहरु कार्यालयमा मिति २०७६/०७/०६ मा नियमानुसार बोलपत्रदाता प्रतिनिधिहरुको रोहबरमा खोलि तत्पश्चात कार्यालयको बोलपत्र मुल्यांकन समितमा पेश भइ मुल्यांकन प्रकृया अगाडी बढाउने सिलसिलामा मुल्यांकन समितिले २०७६/०६/२० र ऐ २१ गते बैठक बसि कार्यालयको तपशीलका त्रुटिहरुका कारण सो बोलपत्रउपर मुल्यांकनको कार्यलाई थप अगाडी बढाउन मुनासिब नदेखिएकोले सो संग सम्बन्धित सबै प्रकृया रद्ध गरि पुनःबोलपत्रको सुचना प्रकाशन गर्न कार्यपालिकालाई सिफारिस गर्ने निर्णय संलग्न राखि जानकारी गराएको

तपशिल:

| सि.नं | शर्तहरु दोहोरो परेको व्यहोरा | पत्रिकामा प्रकाशित सुचनाको व्यहोरा | ई बिडमा अपलोड हुनपुगेको सुचनाको व्यहोरा | कैफियत |
|---|---|---|---|---|
| १ | बिड बण्ड जमानतको अवधि | १५० दिनको म्याद उल्लेख भएको | १२० दिनको म्याद उल्लेख भएको | |
| २ | धरौटी खाताको व्यहोरा | ०७६ श्रावण पछि कायम भएको खाता नं उल्लेख भएको | ०७६ असाढ सम्म कायम भएको खाता नं उल्लेख भएको | |
| ३ | संचित कोष खाताको व्यहोरा | ०७६ श्रावण पछि कायम भएको खाता नं उल्लेख भएको | ०७६ असाढ सम्म कायम भएको खाता नं उल्लेख भएको | |
| ४ | ठेक्काका शर्तहरु | २६ वटा शर्तहरु उल्लेख भएको | २५ वटा शर्तहरु उल्लेख भएको | |

मुल्यांकन समितिको सिफारिस बमोजिम सो ठेक्का संग सम्बन्धित सम्पूर्ण प्रकृया रद्ध गर्दा राजस्व संग सम्बन्धित ठेक्का भएकोले अमानतमा राजस्व उठाईरहन कार्यालय बाध्य हुने,त्यसरी अमानतमा राजस्व संकलन कार्य जोखिम पूर्ण हुनुको साथै अपारदर्शिताको आरोप समेत खपिरहन पर्ने सम्भावना भएको,पुन सुचना प्रकाशन गर्दा ठेक्काका शर्त तथा अबस्थाहरुको हेरफेर गर्नुपर्ने जसले गर्दा लक्षित राजस्व ठेक्का प्रणालिबाट संकलन गर्न समयाभावको कारण कार्यालय असमर्थ हुने, यस कार्यमा मात्र समय व्यतित गर्दा कार्यालयको अन्य सार्वजनिक निर्माण एवम् कार्यक्रम कार्यान्वयनमा

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
३ नं. प्रदेश, नेपाल

समस्या उत्पन्न हुने लगायतको कारण र मुल्यांकन समितिले उल्लेख गरेझैं सुचनाको दोहोरोपनाबाट सम्बन्धित बोलपत्रदातालाई बोलपत्र दाखिला गर्न तात्विक भिन्नता नपरेको र खासै द्धिबिधा उत्पन्न नभएको कारण आ-आफ्नै सुचना जानकारी बमोजिम निजहरुले बोलपत्र दाखिला गरेको अबस्था देखिएकोले बोलपत्रको मुल्यांकन प्रकृया अगाडी नबढाई रद्ध गर्दा कार्यालयको हित प्रबर्द्धन नहुने, राजस्व संकलनको प्रयोजनकोलागी सार्बजनिक खरीद ऐन २०६३ भन्दापनि कार्यालयको आबस्यकता र औचित्य महत्वपूर्ण हुने,सार्बजनिक खरीद ऐन २०६३ को दफा २६ बमोजिम अवस्था पनि नदेखिएकोले र प्राप्त बोलपत्रमा उल्लेखित कबोल अंक भन्दा आगामी सुचनामा उल्लेख गर्नुपर्ने न्युनतम अंक निकै घट्न जांदा अपेक्षित राजस्व संकलनमा असर पर्न जाने समेतलाई मध्यनजर गर्दै बोलपत्र मुल्यांकन प्रकृया नरोकी अगाढी बढाउन उपयुक्त हुने ठहर गर्दै सोही दाखिल भएको तिन थान बोलपत्र मध्यबाटनै नियमानुसार मुल्यांकन गरि स्वीकृत गर्न र सम्झौता गर्ने सिफारिस गर्न मुल्यांकन समितिलाई अनुरोध गर्ने निर्णय गरियो । साथै त्यसरी मुल्यांकन गर्दा अन्य कुराहरु भन्दा बैंक जमानतको म्यादमा मुल्यांकन समितिले द्धिबिधा मानेको ठहर गर्दै बैंक ग्यारेन्टीको हकमा न्युनतम अवधि अर्थात १२० दिनलाई आधार मान्दा सबै बोलपत्रदातालाई न्याय हुने देखिदा कार्यालयको सुचनामा जे सुकै त्रुटी देखिएपनि १२० दिन बैंक जमानत दिन पर्ने सुचना बमोजिम पर्न आएको बोलपत्रदातालाई १२० दिन पुरा भएमा मान्याता दिन र १५० दिन बैंक जमानत दिन पर्ने सुचना बमोजिम पर्न आएको बोलपत्रदातालाई समेत १२० दिनलाईनै न्युनतम म्यादको जमानत भएमा मान्यता दिन सकिने गरि मुल्यांकन प्रकृया अगाडी बढाउन,अन्य दोहोरोपनाको बिषयमा तात्विक फरक नमानी यसै निर्षयको आधारमा मुल्यांकन गरि समयमै सबै प्रकृया टुङ्गो लगाउन र छनौट भएको बोलपत्रदाता संग सम्झौता गरि कार्यादेश दिन प्रमुख प्रशासकीय अधिकृतलाई आदेश दिने समेत निर्णय गरियो ।

निर्णय नं.२

वडा नं ३ स्थित नवज्योति प्रा.बि. तथा गांउसभाहल छेउ रहेको खतरा युक्त पोल स्थानान्तरण गर्न नेपाल बिधुत प्राधिकरणबाट प्राप्त भएको पोल ढुवानी तथा गाड्ने कार्य गर्दा भएको बिल बमोजिमको खर्च सोधभर्ना भुक्तानी पांउ भनि माग भएकोमा बिल बमोजिमको रु २८००० चालु खर्च शीर्षक भैपरी आउने शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं.३

तपशीलका वडा तथा स्थानहरुमा निर्माण भएका काठेसांघुहरुकोलागी नियमानुसार रकम भुक्तानी गर्न तपशील बमोजिम रकम बिनियोजन गर्ने निर्णय गरियो ।

तपशीलः

| सि.नं | वडा नं | स्थान | बिनियोजित रकम | शीर्षक |
|---|---|---|---|---|
| १ | ९-५ | रजैया-दर्दरा | ३००००० | भैपरी पूंजीगत |
| २ | ३-हे.न.पा.१९ | भन्द्रङ्ग-बस्तिपुर | २००००० | भैपरी पूंजीगत |

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

निर्णय नं ४.

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
३ नं. प्रदेश, नेपाल

नेपाल भ्रमण बर्ष २०२० सफल पार्न ३ नं प्रदेश सरकार उधोग,पर्यटन तथा बन बातावरण मंत्रालयबाट अनुरोध भइ आएबमोजिम तपशिल बमोजिम एक मनहरी गांउपालिका स्तरीय सहजीकरण तथा आयोजक समिति गठन गर्ने निर्णय गरियो ।

तपशील:

| सि.नं | नाम | क्षेत्र | पद |
|---|---|---|---|
| १ | एकराज उप्रेती | गा.पा.अध्यक्ष | अध्यक्ष |
| २ | मनिला बिष्ट | गा.पा.उपाध्यक्ष | उपाध्यक्ष |
| ३ | सबै वडाका अध्यक्ष | वडा अध्यक्ष | सदस्य |
| ४ | उधोग बाणिज्य संघ प्रतिनिधी-१ | बाणिज्य तथा व्यापार | सदस्य |
| ५ | राष्ट्रीय बन महासंघ मनहरी गा.पा. प्रतिनिधी-१ | बन तथा बातावरण | सदस्य |
| ६ | होटल व्यबसायी/एसोसिंयसन-१ | होटल तथा रेष्टुरेन्ट | सदस्य |
| ७ | शिव कुमार काशी | स्थानिय पत्रकार | सदस्य |
| ८ | संतोषी बनकरीया | बनकरीया होम स्टे | सदस्य |
| ९ | मध्यवर्ती उपभोक्ता समिति प्रतिनिधि-१ | मध्यवर्ति क्षेत्र बासिन्दा | सदस्य |
| १० | पर्षा/चितवन राष्ट्रिय निकुञ्ज प्रतिनिधि-१ | संरक्षण क्षेत्र | सदस्य |
| ११ | देबराज चौलागाई | प्रमुख प्रशासकीय अधिकृत | सदस्य-सचिव |

निर्णय नं ५

मनहरी गांउपालिका क्षत्रमा रहकै मनहरी तथा लोथर खोलाको बिभिन्न स्थानबाट नदिजन्य पदार्थ उत्खनन् गर्न प्रारम्भिक बाताबरणीय प्रभाव परिक्षण(IEE) गर्नुपर्ने भएकोले सो कामकोलागी प्राबिधिकबाट तयार भएको तपशील बमोजिम ल.ई.तथा TOR स्वीकृत गरी जिल्ला समवन्य समिति मार्फत प्रक्रिया अगाडी वडाउने निर्णय गरियो ।साथै वडा नं ९ स्थित ज्यामिरे केराबारी सडकको समेत प्रारम्भिक बाताबरणोय प्रभाव परिक्षण(IEE) गर्नु पर्ने भएकोले सो को समेत ल.ई.स्वीकृत गरि काम सम्पन्न गर्न तपशील बमोजिम रकम बिनियोजन गर्ने साथै कार्यालयको मौजुदा सुचीमा रहेका फमहरु बाट खरिद प्रक्रिया अगाडी बडाउने निर्णय गरियो ।

| सि.नं | योजनाको नाम | ल.ई.को रकम | बिनियोजित रकम | शीर्षक |
|---|---|---|---|---|
| १ | मनहरी खोला पुल माथिको क्षत्र | ४९५०००.०० | ४९५०००.०० | भैपरी आउने चालु |
| २ | लोथर खोलाको बिभिन्न क्षत्र | ४९५०००.०० | ४९५०००.०० | भैपरी आउने चालु |
| ३ | ज्यामिरे केराबारी सडक | ४९००००.०० | ४९००००.०० | भैपरी आउने चालु |

निर्णय नं ६

वडा नं ३ मा निर्माणाधिन नवज्योती प्रा.वि.को भवन सम्पन्न गर्न गांउपालिकाले समेत केही रकम योगदान गर्ने प्रतिबद्धता रहेकोमा यस अघि पेश्की स्वरुप बिधालयको खातामा गएको रकम समेत यसै बजेटको सिमाभित्र रही फच्छयौंट गर्ने गरि कुल रु १००००००। भैपरी आउने पूंजीगत शीर्षकबाट बिनियोजन गर्ने साथै सो रकम तथा यस

निराज पमणित
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हँडैया, मकवानपुर
३ नं. प्रदेश, नेपाल

अघि पठाइएको रकम समेतबाट भएको कामको मुल्याङ्कन गरि नियमानुसार कार्य सम्पन्न पश्चातमात्र भुक्तानिको व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं ७**

मनहरी गांउपालिकामा एक आयुर्वेदिक स्वास्थ्य केन्द्र स्थापना गर्न आवस्यक रहेकोले पालिका स्तरिय आयुर्वेदिक स्वास्थ्य केन्द्र खोलि सेवा संचालन गरिदिन सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो । साथै सो कामको लागी गांउपालिकाले आफ्नो क्षत्रबाट गर्नुपर्ने सहयोग पूर्ण रुपले गर्ने/गराउने प्रतिबद्धता व्यक्त गर्ने समेत निर्णय गरियो ।

**निर्णय नं ८**

गांउसभा द्वारा आ.व.२०७६/०७७ को लागी बिनियोजित उपभोक्ता नगद लागत सहभागीता योजना अन्तरगत (६०.४०) को अवधारणा बमोजिम सार्वजनिक निर्माणका योजना संचालन गर्न ईच्छुक टोलका बासिन्दाहरुलाई लक्षित गरि वडा कार्यालयको सिफारिस सहित योजना माग गर्न यही मिति २०७६ मंशीर १५ गते सम्मको म्याद राखि सबै वडाबाट आबेदन माग गर्न सुचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं ९**

वडा नं ७ को अस्पताल रोडमा स्लाब ढलान कार्यकोलागी भैपरी आउने कोषबाट रु.१५००००। बिनियोजन गर्ने साथै योजना संचालन गर्न उपभोक्ता समिति गठन गरि पठाउन वडा कार्यालयलाई लेखि पठाउने निर्णय गरियो ।

**निर्णय नं १०**

वडा नं १ को चकरी तथा मकरी खोलामा यस अघि बर्षादको कारण बिभिन्न स्थानमा ह्युम पाईप बिच्छाउने कार्य सम्पन्न भएकोमा सो वडालाई यस अघिको कार्यपालिका बैठकबाट बिनियोजन भएको बिपद व्यबस्थापन कोषको सडक मर्मत कार्यको रकम समेतबाट एउटै उपभोक्ता समितिको निर्णय र कार्यान्वियनलाई समेट्ने गरि थप रु.२०००००। बिपद व्यबस्थापन कोषबाट बिनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं ११**

गांउपालिकाले आ.ब.०७५/०७६ मा सम्पादन गरेको आर्थिक कृयाकलाप तथा सार्बजनिक निर्माण एवम् बिनियोजन,राजस्व, धरौटी लगायत जिन्सि श्रेष्ताको नियमानुसार आन्तरिक लेखा परिक्षण गरिदिन यस कार्यालयमा आन्तरीक लेखा परिक्षकको व्यवस्थापन हुन नसकेकोले कोष तथा लेखा नियन्त्रण कार्यालय मकवानपुरलाई अनुरोध गर्ने निर्णय गरियो ।

निराज प्रसाद
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष